मनराशिसवा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

महोत्तरी

मधेश प्रदेश, नेपाल

## सेवा करारमा कर्मचारी भर्ना लिने सम्बन्धी सुचना

**(प्रथम पटक प्रकाशित मिति २०८१/०४/१५ गते)**

यस मनराशिसवा नगरपालिकाको स्विकृत संगठन संरचना तथा दरबन्दी अनुसार तपसील वमोजिमको पदहरुमा मनराशिसवा नगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७९ को अधारमा सेवा करारमा पदपुर्ती गर्नुपर्ने भएको हुदाँ देहाय वमोजिम तोकिएको न्यूनतम शैक्षिक योग्यता पुगेको उम्मेदवारहरु बाट यो सुचना प्रथम पटक प्रकाशित भएको मिति वाट १५ दिन भित्र आवेदन पेश गर्न हुन अव्हान गरिएको छ।

| क.सं | विज्ञापन नं | पदको नाम | पद संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | ०१/नगर अन्य/०८१/०८२ | रोजगार संयोजक | १(एक) | |
| २. | ०२/नगर अन्य/२०८१/०८२ | सुचना प्रविधि अधिकृत | १(एक) | |
| ३. | ०३/नगर अन्य/२०८१/०८२ | ईन्जिनियर-सिभिल | १(एक) | |
| ४. | ०४/नगर अन्य/२०८१/०८२ | हलुका सवारी चालक | १(एक) | |
| ५. | ०५/नगर अन्य/२०८१/०८२ | टेक्टर चालक | १(एक) | |
| ६. | ०६/आयुर्वेद/२०८१/०८२ | प्राकृतिक चिकत्सक **Natropathy (Diploma)** | १(एक) | |
| ७. | ०७/नगर प्रहरी/२०८१/०८२ | नगर प्रहरी | ११ (एगाह्) | खुल्ला-५जना,महिला- १जना,मुस्लिम-२ जना,दलित-२ जना ,नगर प्रहरी मा हलुका सवारी चालक-१जना |
| ८. | ०८/शिक्षा/२०८१/०८२ | नगर शिक्षक-नेपाली | १ (एक) | माध्यमिक तह |
| ९. | ०९/शिक्षा/२०८१/०८२ | नगर शिक्षक-अंग्रेजी | २ (दुई) | माध्यमिक तह |
| १०. | १०/शिक्षा/२०८१/०८२ | नगर शिक्षक-स्वास्थ्य | १ (एक) | माध्यमिक तह |
| ११. | ११/शिक्षा/२०८१/०८२ | नगर शिक्षक-समाजीक | १ (एक) | माध्यमिक तह |
| १२. | १२/शिक्षा/२०८१/०८२ | नगर शिक्षक-गणित | २ (दुई) | माध्यमिक तह |
| १३. | १३/शिक्षा/२०८१/०८२ | नगर शिक्षक-विज्ञान | १ (एक) | निम्न माध्यमिक तह |
| १४. | १४/शिक्षा/२०८१/०८२ | नगर शिक्षक-नेपाली | १ (एक) | निम्न माध्यमिक तह |
| १५. | १५/शिक्षा/२०८१/०८२ | नगर शिक्षक-स्वास्थ्य | १ (एक) | निम्न माध्यमिक तह |

<u>शर्तहरु:-</u>

१.उमेरको हद सम्बन्धमा दरखास्त दिन पाउने अन्तिम दिन सम्म १८ बर्ष पुरा गरी ४० बर्ष ननाघेको हुनुपर्ने।

२.नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ।

३.आवेदकले पालिकाबाट जारी दरखास्त फारममा सम्पूर्ण विवरण तयार गर्नु पर्ने साथै न्यून्तम शैक्षिक योग्यता तथा अनुभवको प्रमाण-पत्र लगायत अध्ययन अध्ययापन अनुमति पत्रको प्रतिलिपिको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ।

प्रमोद कुमार ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

४.स्थानीय तहमा कार्य गरेकोलाई विशेष ग्राहयता दिइनेछ।

५.महिलालाइ विशेष प्राथमिकता दिइनेछ।

६.अन्तरवर्तामा आउँदा अनिवार्य रुपमा सक्कल प्रमाण-पत्र लिएर उपस्थित हुनुपर्नेछ।

७.आवेदन दिने अन्तिम दिनमा विदा परेमा सो को भोलीपल्ट सम्म आवेदन दिन सकिने छ।

८.पदपूर्ति सम्बन्धी अन्तिम निर्णय लिने अधिकार पालिकामा निहित रहने छ।यसमा कुनै कतै पुनरावेदन लाग्ने छैन।

९. विदेशी संस्थाबाट अध्ययन गरेको हकमा त्रिभुवन विश्वविद्यालयबाट वा नेपाल सरकारले तोकेको निकायबाट समक्षताको प्रमाण पत्रको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ।

१०.छनौट प्रक्रियाः- नेपाल शिक्षक सेवा आयोगले सञ्चालन गरको प्रतियोगितात्मक परीक्षाको अन्तिम नतिजामा वैकल्पिक सूचीमा परेका उम्मेदवारहरुलाई योग्यताक्रम तथा अन्तरवार्ताका आधारमा सोझै छनौट गरी नियूक्ति गरिनेछ।वैकल्पिक सूचीमा परेका उम्मेदवारबाट पदपूर्ती भए पछि बाँकी रहेका पदमा तोकिएको अन्तरवर्ता र सूचिकरण समितिबाट पालिकाबाट स्विकृत कार्यविधि दफा (४) को उपदफा (३) बमोजिम उच्चतम अंक प्राप्त गरेका उम्मेदवारलाई प्रारम्भिक छनौट र अन्तरवार्ता तथा आवश्यकता अनुसार लिखित/प्रयोगातमक परिक्षा समेत लिई सूचिकरणको सिफारीश गरिनेछ।

११.पारिश्रमिकः-पालिकाले तोकेको तथा करार सम्झौतामा उल्लेख भए अनुसारको सेवा सुविधा उपलब्ध गराईनेछ।

१२.परिक्षा दस्तुरः- दस्तुर रु.१०००/-(एक हजार मात्र) को नगदी रसिद वा बैंक भौचर निवेदन साथ पेश गर्नु पर्नेछ।

१३.सम्पर्क मितिः- आवेदन दिने अन्तिम मितिको ७ दिन भित्र दिइनेछ।

१४.परिक्षा मितिः-सम्पर्क मितिमा तोकिने छ।

१५.सेवा अवधि :- क)२०८१ पौष मसान्त सम्म र का.स.मु को आधारमा कार्यालयले म्याद थप गर्न सक्नेछ।

ख) शिक्षक सेवा आयोगबाट सो पदमा स्थायी पदपूर्ती भई आएमा स्वतः करार सम्झौता भंग हुने छ।

१६.दरखास्त पाउने स्थानः-यस पालिकाको प्रशासन शाखा तथा पालिकाको वेब साइट।

१७.दरखास्त बुझाउने स्थानः- पालिकाको प्रशासन शाखामा बुझाउनु पर्नेछ।

१८.दरखास्त बुझाउने अन्तिम मितिः-सूचना प्रकाशन भएको १५ औ दिनको कार्यालय समय भित्र।

१९.योगिताः- पालिकाले तपशिलमा तोकेको पदमा लागि तोकेको योग्यता अनुसार हुनेछ।

क.रोजगार संयोजकको हकमाः- मान्यता प्राप्त विश्वविधालय वा शिक्षण संस्थबाट कम्तीमा स्नातक तह उत्तीर्ण गरेको हुनु पर्ने छ।

ख.सुचना प्रविधि अधिकृतको हकमाः- सूचना प्रविधि अधिकृतको शैक्षिक योग्यता लोक सेवा आयोगले लिने "कम्प्यूटर अधिकृत पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा information and communications technologies वा सो सरहको बिषयहरु मध्ये कुनै एक बिषय लिई स्नातक(BIT,BIM,BBIS,BCA,BCIS,BEIT,Bsc.IT,Bsc.CSIT,BE.Electronics and communication Engineering/BTech.Electronics and communication Engineering उतीर्ण गरेको हुनुपर्ने।

ग. ईन्जिनियर (सिभिल) को हकमाः-मान्यता शैक्षिक संस्थाबाट स्नातक तह वा सो सरह उत्तिर्ण गरी नेपाल ईन्जिनियरिङ्ग परिषदमा दर्ता भएको।

घ.हलुका सवारी चालकको हकमाः- साधारण लेखपढ र नेपाल सरकारको निकायबाट हलुका सबारी चालकको अनुमति पत्र भएको।

ङ.टेक्टर चालकको हकमाः- साधारण लेखपढ र नेपालर सरकारको निकाय बाट टेक्टर चालकको अनुमति पत्र भएको।

च.प्राकृतिक चिकित्सकको हकमाः-मान्यता प्राप्त शिक्षण संस्थाबाट योग एण्ड नेट्रोपैथी मा डिपलोमा उपाधि प्राप्त गरेको।

छ.नगर प्रहरीको हकमाः- क)नेपाल सरकार बाट मन्यता प्राप्त शैक्षिक संस्थबाट कक्षा ८ उत्तिर्ण गरेको।

ख)उमेरः पुरुषको हकमा १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको र महिलाको हकमा १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको।

ग) अनुभव र सिपः- नेपाल प्रहरी वा नेपाली सेनामा काम गरेको र आधारभूत तालिम हासिल गरेको।

ज.नगर शिक्षक (माध्यमिक तह)- नेपाली,अंग्रेजी,स्वास्थ्य,समाजिक,गणित को हकमा :-मान्यता प्राप्त शिक्षण संस्था बाट सम्बन्धित बिषयमा स्नातकोतर उपाधि प्राप्त गरेको हुनु पर्ने र सम्बन्धित बिषयको अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनुपर्नेछ।

झ. नगर शिक्षक (निम्न माध्यमिक तह)-बिज्ञान,नेपाली,स्वास्थ्यः-मान्यता प्राप्त शिक्षण संस्थबाट सम्बन्धित बिषयमा स्नातक तह उत्तिर्ण गरेको हुनु पर्ने र सम्बन्धित बिषयको अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनुपर्नेछ।

प्रमोद कुमार ठाकुर

प्रमुख प्रशासकीय अधिकृत

प्रमोद कुमार ठाकुर

प्रमुख प्रशासकीय अधिकृत